# सुरक्षितआप्रवासनकार्यक्रम (सामी)

## कार्य विवरण(Job Description)

पदःमनोसामाजिक परामर्शकर्ता

कार्य क्षेत्रः......................पालिका., .....................जिल्ला

सुपरभाईजरः मनोसामाजिक परामर्शकर्ता सुपरभाईजर / कार्यक्रम संयोजक/ स्थानीयतहसम्पर्कअधिकारी

रिर्पोटिङ च्यानलःकार्यक्रम संयोजकलाई तोकिएअनुसार नियमितप्रतिवेदनदिनु पर्छ । आवश्यकताअनुसार मनोसामाजिक परामर्शकर्ता सुपरभाईजर, सामी हेल्भेटासको कार्यक्रमअधिकृत र सम्वन्धित स्थानीय सरकारको सम्पर्क व्यक्तिलाई प्रतिवेदन पेश गर्नुपर्नेछ ।

कामतथाजिम्मेवारीहरुः

- वैदेशिक रोजगारका कारणमनोसामाजिक समस्याभएका परिवारहरु तथा वैदेशिक रोजगारमागइ अप्ठ्यारो मनोसामाजिकअवस्थामा फर्केकालाई मनोसामाजिक परामर्श सेवाप्रदान गर्ने ।यदिउम्मेदवारले मनोसामाजिक परामर्शतालिमप्राप्तगरिसकेको छैनभने सामीकार्यक्रमकोमनोसामाजिक परामर्श विषयका राष्ट्रियप्राविधिक साझेदार संस्थामानसिकस्वास्थ्यतथा परामर्श केन्द्र नेपाल (सी.एम.सी नेपाल)ले काठमाण्डौमा सञ्चालनगर्नेतालिमतथामनोसामाजिकविज्ञ र सुपरभाइजरद्वारा स्थानीयतहमागएर गरिने सुपरभिजनकार्यक्रममाअनिवार्य तथा सकिय सहभागीभई मनोसामाजिक सहयोग तथामनोसामाजिकपरामर्शको ज्ञान, सीप सिकीसेवाग्राहीहरुलाई मनोसामाजिक सेवाप्रदान गर्ने ।
- वैदेशिक रोजगारीका कारणपारिवारिक रुपमाअप्ठ्यारो भएका घर परिवारको पहिचान गरेर घरभेट मार्फत आवश्यकमनोसामाजिकपरामर्श सेवाप्रदान गर्ने ।
- वैदेशिक रोजगारमागएकाव्यक्तिहरुका परिवारका सदस्यहरुमा देखापर्न सक्ने मनोसामाजिक समस्याहरुको बारेमाजनचेतनाअभिबृद्धिगर्दै यस्तो समस्याआउनर्नादिनआवश्यकप्रवर्धनात्मक तरीकाहरुको बारमा परिवारमागएर तथा समुदायस्तरमा समुहछलफल गर्ने । यसकालागिआप्रवासन सम्वन्धमा चेतनाजगाउने रिटर्नी स्वयंसेवकतथा सामाजिक सहजकर्तासँग आवश्यक समन्वयगर्दै सहयोग लिएर कामगर्ने ।
- मनोसामाजिककार्यकर्ता परामर्शकर्ता कले स्थानीयतहमा रहेका वित्तिय साक्षरताकार्यक्रमको सहजकर्ताहरुसंग समन्वय गरी वित्तिय साक्षरतातथामनोसामाजिक परामर्श कार्यक्रमको स्यानुअलमाउल्लेख गरे बमोजिमको समुहमनोपरामर्श सत्रसञ्चालन गर्ने।

- लक्षित समूहमामनोसामाजिक समस्याभएका सेवाग्राहिको पहिचान गर्ने, विस्तृत मनोसामाजिकआयामहरु समेटीअभिलेखतयार गर्ने, समस्याका कारणहरुपहिचान गर्ने,मनोसामाजिकआवश्यकताको पहिचानतथाप्राथमिकीकिकरण गरेरप्रभावितव्यक्तिवा परिवारलाई उनीहरुको मनोभावनामाआएको उतार चढावमा स्थायित्वप्रदान गर्न आवश्यकमनोसामाजिकपरामर्श सेवादिने । लक्षित सेवाग्राहीसंगकामगर्दा आवश्यकताअनुसार मनोसामाजिकविशेषज्ञतथा सुपरिवेक्षक र आवश्यक परेमानगरपालिका गाउपालिका संग समन्वय गर्ने ।
- मनोसामाजिकपरामर्शकोकामको विवरणतथाप्रतिवेदनआफ्नो संस्थालाई तोकिएको ढाँचामाकार्यक्रम संयोजकलाई पेश गर्ने । ।सबै केशहरु अनिवार्य अनलाईन डाटाबेसमाप्रविष्टि गर्ने। स्थानीयतहतथा सम्बन्धितनिकायलाई कार्यक्रमकोप्रगति, समिक्षातथाजानकारी आवश्यकताअनुसार गराउने ।
- मनोसामाजिककार्यकर्ता/परामर्शकर्ताले आफु कार्यरत सस्थानीयतहले वैदेशिक रोजगारबाटप्रभावितका सवालमाउठाएकाविषयतथाचासोको सम्बोधनगर्नमातत्पर रहने ।
- जिल्लामा रहेको आप्रवासी स्रोत केन्द्रका संयोजक, सामीकाप्रदेश संयोजक कार्यक्रमअधिकृतसंग केशकाबारेमाआवश्यक सहयोग वा सेवाकालागि समन्वयगर्ने (विशेष गरेर अन्य सहयोगहरु जस्तै क्षतिपूर्ति, कानुनी सहयोग, बिमा सहयोग, विदेशमाअप्ठ्यारो अवस्थामाभएका परिवारका सदस्यलाई स्वदेश ल्याउने आदि)
- मनोसामाजिककार्यकर्ता/परामर्शकर्ताहरुले मनोसामाजिक सहयोयको कामगर्दा सेवाग्राहीतथाआफ्नो लैङ्गिकअवस्थालाई सुरक्षाकायम गर्न मनोसामाजिकपरामर्शको तालिममासिकाएअनुसार तथामनोसामाजिक सुपरभाइजरको सल्लाहमाकाम गर्ने ।
- मनोसामाजिककार्यकर्ता/परामर्शकर्ताहरुले सेवाग्राहीको गाउ वस्तीमा नै भ्रमण गर्ने र समय लिएर मनोसामाजिक सेवाकाम गर्ने ।
- **मनोसामाजिक सहयोगको कामको गोपनियता:**मनोसामाजिककार्यकर्ता/परामर्शकर्ताले तालिममासिकाएअनुसार आफुले मनोसामाजिकपरामर्श सेवादिएका सेवाग्राहीहरुको सम्पूर्ण जानकारीहरुको गोपनियताकायम गर्नु अनिवार्य हुने छ । विशेष गरेर सेवाग्राहीको समस्यामाकामगर्दा सहयोगीहुनसक्ने श्रोतसंगमनोसामाजिक सुपरभाईजरको सल्लाहलिएर मात्रआवश्यकजानकारी दिनुपर्ने छ । सेवाप्रदानगरिएका सेवाग्राहीहरुको केश फाइलहरु सुरक्षितपूर्वक कार्यालयमाप्रदानगरिएको दराजमातालाबन्दी गरेर राख्नु पर्दछ ।
    - सेवाग्राहीकोव्यक्तिगततथा सम्वेदनशीलजानकारी तथा सुचनाहरु बाहिरदिनवा सुनाउनपूर्णरुपमाबन्देज छ । यदि कसैगरी त्यस्ता संवेदनशिल सुचनाहरु सार्वजनिकभएको पाईएमा र त्यसमामनोसामाजिककार्यकर्ता/परामर्शकर्ताकको गल्ति देखिएमास्थानियतहले तोकेकोनियमअनुसार

तत्काल कारवाही गर्न सक्ने छ । कार्यालयलाई दिइने प्रतिवेदनको ढाँचाहरुतालिममासिकाएअनुसार गर्नुपर्ने छ ।

- ○ मनोसामाजिककार्यकर्ता/परामर्शकर्ताहरुलेआफु कार्यरत संस्था (स्थानीय साझेदार संस्था, स्थानीयतहहरु)लाई तोकिएको ढाँचामा सेवाको जानकारी दिने जिम्मेवारीलाई माथिको बुँदाले बाधापार्ने छैन ।

- लक्षितवर्गका गम्भिरमनोसामाजिक समस्यामा परेका सेवाग्राहीहरुलाई (विशेष गरी बालबालिकातथामहिलाहरुलाई) थपमनोसामाजिकपरामर्श तथामानसिक स्वास्थ्य सेवाकालागिकार्यक्रम संयोजकको समन्वयमामनोसामाजिक सुपरभाइजरसंग सल्लाह गरी सहयोगकालागिआवश्यक संघ संस्थासंग समन्वय गराउने ।मनोसामाजिकतथामानसिकउपचारगर्न सम्बन्धित सेवाग्राहीअसमर्थ भएको अवस्थामाकार्यक्रम संयोजकको सिफारीश सहीतआकस्मिक कोषको सहयोग लिनकालागिप्रदेश स्तरिय मनोसामाजिक सुपरभाईजरलाई निवेदनपठाउने । मनोसामाजिक सुपरभाईजरले आफ्नो कार्यक्रम संयोजकसँग समन्वयगरि छिटो सहयोग पुरयाउनमदतगर्ने ।
- मनोसामाजिकपरामर्शको माध्यमबाटप्रभावितव्यक्तिहरुमाविभिन्नआरोप र लाञ्छनालाई कसरी सामना गर्ने भन्ने शिपको बिकाश गर्न मद्दत गर्ने।
- भावनात्मक समस्या (डिप्रेशन) बढीभएका परिवारका सदस्यहरुमाआत्महत्याको जोखिमको लेखाजोखा गरी आत्महत्या रोकथाम गर्न सहयोगीहुने तरिका प्रयोग गर्दै मनोसामाजिकपरामर्श गर्ने
- वै.रो.को कारणले गहनमनोसामाजीक समस्यामा परेका महिलातथा पुरुषहरुलाई थपमनोसामाजिकपरार्मशकालागि सहयोगी संस्थासंग सम्पर्क गराउने ।
- कार्यरत कार्यालयका सुरक्षितआप्रवासनकार्यक्रम र अन्यकर्मचारी टिमसँगमिलेर काम गर्ने, सवैसँग मिलेर सहयोगीव्यवहार प्रदर्शन गर्ने र आफ्नो काममाप्रतिबद्ध ।
- स्थानीय सरकार तथाअन्यसम्बन्धित सरोकारवालाहरुसँग समन्वयतथा सम्बन्धविस्तार गर्ने साथै स्थानीयस्तरमामनोसामाजिक सेवाप्रदान गर्ने साझेदारसंस्थासँगआवश्यक समन्वय गर्ने ।
- नेपाल सरकारसंग सम्बन्धित ऐन, नियमतथाकार्यविधिहरुको साथै आचार संहिता अनुसरण गर्ने ।

**शैक्षिक योग्यता:**

सामीकार्यक्रमअन्तर्गत मनोसामाजिक परामर्श सम्बन्धी ६ महिनाको तालिमप्राप्तमनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा:

- कम्तिमाप्रवीणताप्रमाणपत्रतहवा १०+२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालिमलिई सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमाकाम गरेको ।

नयाँमनोसामाजिक परामर्शकर्ता भर्ना सम्बन्धीव्यवस्थाः

नयाँमनोसमाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्यतथा जनसंख्यामन्त्रालयअन्तरगतको राष्ट्रिय स्वास्थ्यतालिम केन्द्रले विकास गरेको तथा स्वास्थ्यमन्त्रालयले स्वीकृत गरेको तालिमपाठ्यक्रमले तोकेको योग्यताभएको हुनु पर्नेछ । जुननिम्नानुसार छः

- मान्यताप्राप्तशैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वामान्यताप्राप्तविश्वविद्यालयबाटपब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएलवर्कमा स्नातकतह, वि.एड.स्वास्थ्यशिक्षा, पोष्टग्राजुएटडिप्लोमाईनकाउन्सेलिङ उत्तीर्ण गरेको ।
- मनोसामाजिक परामर्श सम्बन्धीतालिमप्राप्त गरी सोही क्षेत्रमाअनुभवभएकालाई विशेष प्राथमिकतादिईनेछ ।

कार्यअनुभवः

- कठिनअवस्थामा रहेका बालबालिकातथामहिलाको मुद्दाहरुमाकाम गरेको अनुभव ।
- कठिनमुद्दाहरुलाई स्वतन्त्र रुपमाव्यक्तिगततथा समुदाय स्तरमाउठाउनतथा सम्बोधन गर्न सक्ने अनुभवभएको ।
- अन्यव्यक्तिहरुको भावनात्मक, सामाजीक, आर्थिक अवस्थाको बारेमाउत्सुकता, अन्यव्यक्तिहरुको भावनालाई महशुस गर्न सक्ने, अरुको कुरा धैर्यपूर्वक सुन्न सक्ने, विश्वसनीय ।
- सेवाग्राहीको मनोसामाजिकअवस्थाविश्लेषणकोलागिआवश्यकविभिन्नज्ञानहरुलाई सुत्रवद्ध गर्न सक्ने तथात्यसको उपयोग गर्दै सम्बन्धितव्यक्तिलाई सेवामापहुँच पुरयाउनतत्पर ।
- नयाँज्ञानहरुलाई तिब्र गतिमाएकत्रित गर्न सक्ने, खुल्लाविचार तथातिक्ष्णबुद्धिभएका ।
- आफूले गरेकाकामहरुको अभिलेखिकरण गर्न सक्ने ।

प्रमाणितगर्नेः

कर्मचारीको हस्ताक्षर.......................................................... मिति

नाम :                                                                 ठेगानाः

स्थानियतहको पदाधिकारीको हस्ताक्षर.............................. मितिः

नामः                                                                 ठेगानाः